क.र.का. दर्ता नं. : ९६८६७/०६९/०७०

# महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
# Mahuli Laghubitta Bittiya Sanstha Limited

Aganisair Krishanasawaran-6, Mahuli Saptary

Est. 2069

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Ref No. : १७४९/२०७९/०८०

मिति :- २०७९/१२/१५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार, काठमाण्डौं

श्री नेपाल धितोपत्र वोर्ड
जावलाखेल, ललितपुर

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं

श्री सनराईज क्यापिटल लिमिटेड
कमलपोखरी, काठमाण्डौं

बिषय : १० औं वार्षिक साधारणसभा तथा शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) सम्बन्धमा।

महाशय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/१२/१४ गते बेलुका ५.१५ मा सम्पन्न सञ्चालक समितिको १३५ औं बैठकले १० औं वार्षिक साधारण सभा गर्ने सम्बन्धि निर्णय गरेको हुँदा सो सम्बन्धि विवरण निर्णयानुसार जानकारी गराईएको व्यहोरा अनुरोध छ।

तपसिल

१. वार्षिक साधारण सभा हुने मिति :- २०८० साल बैशाख ०९ गते शनिबार

२. समय :- विहान ११ बजे देखी

३. स्थान :- महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय महुली, सप्तरीमा

४. वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/०७९ अषाढ मसान्तसम्मको वासलात, २०७८ श्रावण १ गते देखी २०७९ अषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को ०.७५ प्रतिशतले हुने रु. २१,१६,२७०।८० (एक्काईस लाख सोह्र हजार दुई सय सतरी रुपैया अस्सी पैसा मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

कम्पनी सचिव

Contact Address :– Agnisair Krishanaswaran Rural Municipality -6, Mahuli Bazzar Saptari
Phone – 031-411006, 411005, 411007 Fax- 031-411008
email :– info@mslbsl.com.np, mahuli.slbsltd@gmail.com, mahuli_laghu@yahoo.com
Web :- www.mslbsl.com.np

क.र.का. दर्ता नं. : ९६८६७/०६९/०७०

# महुली लघुवित्त वित्तीय संस्था लिमिटेड

# Mahuli Laghubitta Bittiya Sanstha Limited

Aganisair Krishanasawaran-6, Mahuli Saptary

Est. 2069

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Ref No. :

ख) विशेष प्रस्तावहरु

१. २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०|- को १४.२५ प्रतिशतले हुन आउँने रकम बराबरको रु. ४,०२,०९,१४५|२० (अक्षरेपी चर करोड दुई लाख नौं हजार एक सय पैतालिस रुपैया मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. प्रिमियममा एफ.पि.ओ. शेयर निष्काशन गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

ग) विविध प्रस्तावहरु

५. साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) गर्ने सम्बन्धमा ।
साधारण सभा प्रयोजनको लागि शेयर दाखिला खारेज दर्ता बन्द (Book Close) गर्ने सम्बन्धि प्रस्ताव उपर छलफलमा १० औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९ चैत्र २९ गते विहीबारका दिन एक दिन यस वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) गर्ने निर्णय गरियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/१२/२८ गते सम्म कारोबार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र १० औं वार्षिक साधारणसभामा भाग लिन, मतदान गर्न र लाभांश प्राप्त गर्न योग्य रहनेछन् भन्ने समेत सुचना सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण सबैमा जानकारीको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

भवदीय

.......................

सरोज कुमार सिंह

कम्पनी सचिव

Contact Address :– Agnisair Krishanaswaran Rural Municipality -6, Mahuli Bazzar Saptari
Phone – 031-411006, 411005, 411007 Fax- 031-411008
email :– info@mslbsl.com.np, mahuli.slbsltd@gmail.com, mahuli_laghu@yahoo.com
Web :- www.mslbsl.com.np